# नगर विकास कोष
# नयाँवानेश्वर, काठमाण्डौं
## आसयपत्रको आव्हान

यस कोषवाट आ. व. २०६६।६७ को मार्गदेखि १ वर्ष भित्र सम्पन्न गर्ने गरी कोषको आन्तरिक श्रोत र दात्तृसंस्था UN-HABITAT, WAC Nepal समेतको अनुदान सहयोगमा निम्न २ वटा समुहका साना शहरहरुमा विद्यमान गरीवीका रेखामुनी रहेका उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाई सुविधामा पहुँच पुऱ्याउन उद्यमशील विकास कार्यक्रम तालिम प्रदान गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली-२०६४ अनुसार इच्छुक सेवा प्रदायक गैर सरकारी संस्था तथा परामर्शदात्तृसंस्थाद्वारा निम्न विवरण अनुसारको संक्षिप्त सूचीका लागि आसयपत्र को प्रस्ताव आव्हान गरिन्छ ।

**समुह (क)**

पर्सा, वन्दीपुर, खैरेनीटार र लेखनाथ साना शहरहरुका गरी ४ वटा उपभोक्ता संस्थाका उपभोक्ताहरुका लागि ५ वटा उद्यमशील तालिम (कूल १५० जना छनौट हुने गरी) ।

**समुह (ख)**

तुल्सीपुर, कोहलपुर, अत्तरीया, भिमदत्त (महेन्द्रनगर) र वृहत भुप्रा (वीरेन्द्रनगर) साना शहरहरुका गरी ५ वटा उपभोक्ता समुहका उपभोक्ताहरुका लागि ६ वटा उद्यमशील तालिम (कूल १५० जना छनौट हुने गरी) ।

- प्रस्तावदाता गैर सरकारी संस्था तथा परामर्शदात्तृसंस्थाले प्रस्तावको साथमा मूल्य अभिवृद्धि कर, पान दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको दर्ता प्रमाणपत्र, आ. व. २०६५।६६ को नियमानुसार चुक्ता गरेको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- प्रस्तावकले आफ्नो संगठन, पेशागत योग्यता, विगत ५ वर्षमा गरेको समान प्रकृतिको कामको अनुभव (६०%), वित्तिय क्षमता (२०%) र व्यवस्थापकीय तथा पेशागत क्षमता (२०%) पुष्टि गर्ने कागजातहरु सहितको विवरण पेश गर्नु पर्नेछ ।
- दुई वा दुई भन्दा वढी संस्थाले संयुक्तरुपमा प्रस्ताव दर्ता गराउन चाहेमा त्यस्ता संस्थाले आफ्नो संस्थाको पूर्ण विवरण सहित मुख्य भई काम गर्ने संस्थाको नाम समेत उल्लेख गर्नु पर्नेछ ।
- इच्छुक प्रस्तावदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको २ वजे भित्र कोषको कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ, म्याद नाघि तथा रित नपुऱ्याई आएको प्रस्ताव उपर कुनै कार्यवाही गरिने छैन ।
- दर्ता भएका प्रस्तावहरु सोही दिन दिनको २ वजे प्रस्तावक संस्थाको प्रतिनिधिहरुको रोहवरमा कोषको कार्यालयमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावक संस्थाका प्रतिनिधिहरुको उपस्थिति नभएपनि प्रस्तावहरु खोल्न वाधा पर्ने छैन ।
- प्रस्ताव दर्ता गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सो कार्य विदाको लगतै भोलिपल्ट कार्यालय खोलेको दिन सोहि समयमा गरिने छ ।
- सुचिकृत भएका प्रस्तावक संस्थाहरुको नामावली प्रस्ताव खोलेको मितिले १ हप्ता भित्र यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ । संक्षिप्त सूचीमा परेका संस्थाहरुवाट उल्लेखित कार्यक्रमका लागि प्रस्ताव माग गरिनेछ ।
- अन्य कुराहरु सार्वजनिक खरिद ऐन-२०६३ र नियमावली-२०६४ वमोजिम हुनेछन् ।
- यस सम्बन्धि अन्य कुराहरु वुझ्न चाहेमा कोषको website, www.tdf.org.np र stwsssp.gov.np मा हेर्न वा कोषमा सम्पर्क गर्न सकिनेछ ।

# आयोजना सम्बन्धि संक्षिप्त जानकारी

दातृसंस्था एसियाली विकास वैंकको ऋण सहयोगमा साना शहरी खानेपानी तथा सरसफाई आयोजना - I मा कोषले खानेपानी आपूर्तिका लागि निर्माण लागतको ३० प्रतिशत वरावरले हुने रकम सर्त-संझौता अनुसार ऋण लगानी गरेको थियो । कोषले ऋण लागानी गरी उपभोक्ता संस्थाको क्षमता अभिवृद्धि गर्ने तथा वित्तिय व्यवस्थापनमा सहयोग प्रदान गरी उपभोक्ताहरुले खानेपानीको सुविधा वापत मासिक रुपमा पानी खपतको महशुल मार्फत कोषको ऋणको साँवा/व्याज संकलन गर्न लगाई तोकिएको अवधिमा साँवा/व्याज असुल गर्नु पर्ने हुन्छ ।

कोषको लगानी सम्बन्धमा विभिन्न समयमा उपभोक्ता संस्थाहरुसंग भएको छलफल अनुसार विभिन्न चरणमा उपभोक्ता संस्थाहरुलाई थप सुविधा र सहयोग प्रदान गर्ने उद्देश्यले उपभोक्ता संस्थाको आवश्यकता पहिचान समेत गरिएको थियो । उपभोक्ता संस्थाका प्रतिनिधिहरुसंग छलफल गरी आवश्यकता पहिचान गर्ने क्रममा आयोजना निर्माण सम्पन्न हुनलागेका पहिलो चरणमा पर्सा, वन्दीपुर, खैरेनीटार र लेखनाथ गरी ४ वटा उपभोक्तासंस्था र दोश्रो चरणमा वीरेन्द्रनगर (झुप्रा), अत्तरीया, भिमदत्त (महेन्द्रनगर), कोहलपुर र तुल्सीपुर गरी ५ वटा साना शहरहरुको आवश्यकता पहिचान गरिएको थियो । सोही अनुरुप अति गरीव घरधुरीहरुलाई खानेपानी आयोजनामा उनीहरुको पहुँच पुर्‍याउन यो कार्यक्रम गर्न लागिएको हो । यो कार्यक्रमले उपभोक्ताहरुको पेशागत क्षमताको अभिवृद्धि भई आय आर्जनमा समेत वृद्धि हुने अपेक्षा राखिएको छ ।